राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com



विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४



वर्ष ७ अंक २०५ २०८२ फागुन १५ गते शुक्रवार (27 Feb. 2026) पृष्ठ ४ मूल्य रु. ३।-


## सुनचाँदीको भाउ बढ्यो



दैनिक समाचारदाता
काठमाडौं, १४ फागुन। बिहीबार सुनचाँदीको भाउ बढेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार यस दिन सुनको भाउ तोलामा ६ सय रुपैयाँ बढेको छ।

महासंघले यस दिनका लागि सुनको भाउ प्रतितोला ३ लाख १५ हजार ४ सय रुपैयाँ तोकेको छ। अघिल्लो दिन ३ लाख १४ हजार ८ सय रुपैयाँमा कारोबार भएको थियो।

यसअघि माघ १५ गते सुनको भाउ हालसम्मकै उच्च ३ लाख ३९ हजार रुपैयाँ पुगेको रेकर्ड छ।

आज चाँदी पनि तोलामा १० रुपैयाँ बढेको छ। अघिल्लो दिन प्रतितोला ५ हजार ७१५ रुपैयाँमा कारोबार भएको चाँदी आज ५ हजार ७२५ रुपैयाँ पुगेको छ।

## सिक्किम-नेपाल सीमा नजिक ४.६ म्यागिनच्युडको भूकम्प

दैनिक समाचारदाता
काठमाडौं, १४ फागुन। नेपाल(भारत (सिक्किम) सीमा नजिक आज मध्यान्ह १२:५४ बजे स्थानीय म्यागिनच्युड ४.६ को भूकम्प गएको छ। नेपाल भूकम्प अनुसन्धान केन्द्र र भूकम्प मापन महाशाखाका अनुसार, यस भूकम्पको केन्द्र सीमा नजिक रहेको बताइएको छ।

## सप्तरीमा तीन दिन सीमा बन्द र मदिरा र सवारी सञ्चालनमा रोक




दैनिक समाचारदाता
सप्तरी, १४ फागुन। फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै सप्तरीमा सुरक्षा व्यवस्थालाई कडा पारिएको छ। जिल्ला प्रशासन कार्यालय सप्तरीले निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, भयरहित तथा शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न विभिन्न प्रतिबन्धात्मक निर्णयहरू सार्वजनिक गरेको छ। जिल्ला प्रशासन कार्यालयले बुधबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार भारतसँग जोडिएका सप्तरीका सबै सीमा नाका फागुन १९ गते राति १२ बजेदेखि फागुन २१ गते रातिसम्म बन्द गरिनेछ। प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलद्वारा हस्ताक्षरित सूचनामा निर्वाचन अवधिभर सीमा आवागमन नियन्त्रण गरी सुरक्षा सतर्कता बढाइने उल्लेख गरिएको छ।
यसैगरी, निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै फागुन १८ गते साँझ ७ बजेदेखि जिल्लाभर मदिरा बिक्री(वितरण तथा सेवनमा पूर्ण रोक लगाइएको छ। निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ बमोजिम जारी गरिएको सूचनामा निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थको बिक्री(वितरण र सेवन निषेध गरिएको जनाइएको छ। प्रशासनका अनुसार सम्भावित अवाञ्छित गतिविधि नियन्त्रण तथा शान्ति(सुरक्षा कायम राख्न उक्त निर्णय गरिएको हो।
त्यस्तै, निर्वाचनको दिन फागुन २१ गते बिहान ५ बजेदेखि साँझ ७ बजेसम्म सवारी साधन सञ्चालनमा समेत रोक लगाइने भएको छ। सो अवधिमा एम्बुलेन्स, दमकल, दूरसञ्चार सेवा, शववाहन, अस्पताल सेवा, विद्युत् सेवा लगायत अत्यावश्यक सेवाका सवारी साधन तथा सम्बन्धित निकायबाट अनुमति प्राप्त सवारी साधनबाहेक अन्य सबै सार्वजनिक तथा निजी यातायातका साधन सञ्चालन गर्न नपाइने जिल्ला प्रशासन कार्यालयले जनाएको छ।
प्रशासनले सबै राजनीतिक दल, उम्मेदवार, मतदाता तथा सरोकारवालालाई जारी निर्देशनको पूर्ण पालना गर्न आग्रह गरेको छ। निर्वाचनलाई मर्यादित र व्यवस्थित रूपमा सम्पन्न गराउन सुरक्षा संयन्त्र उच्च सतर्कतामा राखिएको प्रशासनले स्पष्ट पारेको छ।

## १६५ वटै क्षेत्रमा निर्वाचन सामग्री पुग्यो

दैनिक समाचारदाता
काठमाडौं, १४ फागुन। यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा आवश्यक सामग्री पुगेको छ। निर्वाचन आयोग नेपाल का सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीतर्फ गरी चार करोड ११ लाख ५३ हजार मतपत्र ७७ वटै जिल्लामा पठाइसकिएको छ।
प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पूर्वतयारी अन्तिम चरणमा पुगेको आयोगले जनाएको छ। स्वीकृत कार्यतालिकाअनुसार व्यवस्थापकीय कामहरू तोकिएको समयमै सञ्चालन भइरहेको छ। दुवै निर्वाचन प्रणालीका मतपत्र छपाइ सम्पन्न भई सम्बन्धित जिल्लामा ढुवानी गरिसकिएको छ भने केही सामग्री जिल्लास्तरमै व्यवस्थापन गरिनेछ।
आयोगका अनुसार निर्वाचन अधिकृतको कार्यालयबाट मतदान अधिकृतमार्फत आवश्यक सबै सामग्री मतदान केन्द्रसम्म पुऱ्याइनेछ। मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम फागुन ३ गतेदेखि सुरु भई १७ गतेसम्म ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा सञ्चालन भइरहेको छ।
निर्वाचन आचारसंहिता अनुगमनलाई निरन्तरता दिँदै केन्द्रीय आचारसंहिता अनुगमन समितिलगायतका संयन्त्र सक्रिय छन्। फागुन ४ गतेदेखि राजनीतिक दलहरूले औपचारिक रूपमा चुनावी प्रचारप्रसार सुरु गरिसकेका छन्। आयोगले प्रचारप्रसार गतिविधि कानुन र आचारसंहिताको अधीनमा रही शिष्ट तथा मर्यादित ढंगले सञ्चालन गर्न दल र उम्मेदवारलाई निर्देशन दिएको छ।

## पुल र सडकका लागि पहल गर्नेलाई भोट



दैनिक समाचारदाता
सर्लाही, १४ फागुन। बाँके, फूलजोर र लखन्देहीखोलामा पुल नहुँदा बर्सौंदेखि सास्ती खेप्न बाध्य सर्लाहीका एक दर्जनभन्दा बढी पालिकाका बासिन्दाले चुनाव नजिकिएसँगै सडक र पुलका लागि पहल गर्ने उम्मेदवारलाई मत दिने बताएका छन्। महोत्तरी, सर्लाही र सिन्धुलीको चुरे भेगदेखि बगेर आउने यी तीन खोलाका दर्जनौं ठाउँमा वारपार गर्ने सडक भए पनि पुल नहुँदा सर्वसाधारणले सास्ती खेप्नु परेको हो। चुरे भेगदेखि दक्षिण भारतीय सीमासम्म नै बग्ने बाँके, फूलजोर र लखन्देहीखोलामा पूर्वपश्चिम राजमार्ग र हुलाकी सडकबाहेक अन्यत्र पुल निर्माण हुन सकेको छैन।

वर्षायाममा बाढी आउँदा खोलामा पुलको अभावमा आउजाउ नै ठप्प हुने गरेको छ। अहिले हिउँदयाममा खोलामा पानी नहुँदासमेत


*बाँकी पृष्ठ ३मा*




## तनाव व्यवस्थापनमा परिवारको भूमिका

- परिवारका सदस्यका कुरा ध्यानपूर्वक सुनौं र सहानुभुति व्यक्त गरौं।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहित गरौं।
- सामाजिक रूपमा सक्रिय रहन सहयोग गरौं।
- घरपरिवारका सदस्यसँग नियमित रूपमा कुराकानी गरौं।
- जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।
- साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं।

*आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# निर्वाचन र परिक्रमा: सन्तुलनको आवश्यकता

मिथिलाको १५ दिने मिथिला मध्यमा परिक्रमा को आफ्नै मौलिकता र ऐतिहासिक महत्त्व छ। यसलाई 'माध्यमिक परिक्रमा' पनि भनिन्छ। रंग-अबिरको पर्व होलीको पूर्वसन्ध्यामा जनकपुरधाम मा अन्तरगृह परिक्रमा सम्पन्न गरी तराई-मधेशका जिल्लाहरूमा होली मनाउने परम्परा रहिआएको छ। तर यसपटक अन्तरगृह परिक्रमा र होली पर्व निर्वाचनको मुखमै परेकाले श्रद्धालुहरू घर कसरी फर्किने भन्ने अन्योल स्वाभाविक बनेको छ।

फागुन २० गते तराई-मधेशमा होली पर्व परेको छ भने फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ। निर्वाचनलाई लक्षित गर्दै मतदानभन्दा ७२ घण्टा अगावै नेपाल-भारत सीमा सिल गर्ने कानुनी व्यवस्था छ। यसको मूल उद्देश्य निर्वाचन प्रक्रियामा बाह्य हस्तक्षेप, अवाञ्छित गतिविधि तथा अस्वस्थ चलखेललाई रोक्नु हो। तर यस वर्षको परिस्थिति फरक देखिएको छ। मिथिलाको 'महाकुम्भ'का रूपमा परिचित मिथिला मध्यमा परिक्रमा सहभागी भारतीय साधुसन्त तथा श्रद्धालुहरू यही समयसीमाभित्र घर फर्किनुपर्ने अवस्थामा छन्। यही कारण प्रशासन, राजनीतिक दल र स्थानीय समुदायबीच चासो र बहस उत्पन्न भएको हो।

धनुषा र महोत्तरीका जिल्ला प्रशासन कार्यालयको अगुवाइमा बसेको सर्वदलीय बैठकले परिक्रमा सहभागीहरूलाई सीमा प्रहरीसँग समन्वय गरी सहज रूपमा घर फर्किने व्यवस्था मिलाउने सहमति गरेको छ। कानुनले सीमा सिल गर्नुपर्ने स्पष्ट प्रावधान राखे पनि धार्मिक यात्रामा सहभागी भएकालाई मानवीय आधारमा सहजीकरण गर्ने निर्णय प्रशासनले गरेको हो। सतही रूपमा हेर्दा यो निर्णय कानुन र आस्थाबीचको द्वन्द्वजस्तो देखिए पनि गहिराइमा हेर्दा यो राज्यको परिपक्वताको परीक्षा हो।

मिथिला मध्यमा परिक्रमा केवल धार्मिक अनुष्ठान मात्र होइन, नेपाल-भारत सांस्कृतिक सम्बन्धको जीवन्त सेतु हो। यसले दुवै देशका नागरिकबीचको ऐतिहासिक, धार्मिक र पारिवारिक सम्बन्धलाई मजबुत बनाउँदै आएको छ। त्यसैले यस्तो परम्परागत धार्मिक यात्रालाई व्यवस्थापन गर्ने विषय संवेदनशील बन्नु स्वाभाविक हो।

निर्वाचन आचारसंहिता र सुरक्षा व्यवस्थालाई भने हलुका रूपमा लिन सकिँदैन। ७२ घण्टाको मौन अवधि र सीमा सिलको प्रावधान विगतका अनुभव तथा सम्भावित जोखिमका आधारमा बनाइएको हो। यदि यसमा अपनाइएको लचकताको दुरुपयोग भयो भने निर्वाचनको निष्पक्षतामाथि प्रश्न उठ्न सक्छ। त्यसैले प्रशासनको निर्णय व्यवहारिक भए पनि यसको कार्यान्वयन पारदर्शी, स्पष्ट र कडाइपूर्वक नियन्त्रित हुन जरुरी छ। मुख्य प्रश्न कानुन तोड्ने वा नतोड्ने होइन, कानुनको उद्देश्य के हो भन्ने हो। सीमा सिलको उद्देश्य बाह्य राजनीतिक प्रभाव, अवाञ्छित भीड र सुरक्षाजन्य जोखिम रोक्नु हो; धार्मिक यात्राबाट फर्किने सर्वसाधारणलाई अनावश्यक दुःख दिनु होइन। यदि स्पष्ट परिचयपत्र, दर्ता विवरण र सीमा प्रहरीसँगको समन्वयमार्फत परिक्रमा सहभागीहरूलाई मात्र फर्किने अनुमति दिइन्छ भने यसले कानुनको मर्म उल्लंघन गर्दैन। बरु कानुनलाई मानवीय संवेदनासँग जोड्ने सकारात्मक अभ्यास बन्न सक्छ।

यद्यपि निर्णयपत्रमा विषय स्पष्ट उल्लेख नभएकाले स्थानीय तहमा केही अन्योल देखिनु चिन्ताको विषय हो। प्रशासनिक निर्णयहरू मौखिक आश्वासनमा होइन, स्पष्ट लिखित निर्देशनमा आधारित हुनुपर्छ। लोकतान्त्रिक शासन प्रणालीमा पारदर्शिता र उत्तरदायित्व अनिवार्य सर्त हुन्। अस्पष्टताले भविष्यमा अनावश्यक विवाद निम्त्याउन सक्छ।

यस प्रसंगले नेपाल-भारत खुला सीमाको संवेदनशीलतालाई पुनः उजागर गरेको छ। खुला सीमा हाम्रो ऐतिहासिक, सांस्कृतिक र पारिवारिक सम्बन्धको आधार हो। तर यही खुलापनले निर्वाचनजस्ता संवेदनशील समयमा चुनौती पनि सिर्जना गर्छ। समाधान कठोर बन्द वा पूर्ण खुलापनमा होइन, सन्तुलित र विवेकपूर्ण व्यवस्थापनमा छ। प्रविधि, समन्वय र सूचनाको स्पष्ट प्रवाहमार्फत जोखिम न्यूनीकरण गर्दै मानवीय पक्षको संरक्षण गर्न सकिन्छ।

# अनुत्तरित प्रश्न र निर्वाचनको रापताप



सुशील विके

२०८४ मा हुने निर्वाचन जेनजी आन्दोलनका कारण २०८२ मै हुँदैछ। निर्वाचनको रापताप बढ्दै जाँदा दल र उम्मेदवारहरूको विगतको योगदान र भावी योजना सहित जवाफदेहीको खोजी गर्ने क्रम बढिरहेको छ।

यस पटकको निर्वाचनमा मुद्दाको बहस कम र व्यक्तिको चर्चा बढी भएको देखिन्छ। पार्टीहरूले विचार, सिद्धान्त र भिजन अगाडि सार्नुभन्दा एकले अर्कालाई गाली गर्ने र आफू ठूलो हुन लागेको देखिन्छ।

पपुलिस्ट राजनीति हावी भएको परिवेशमा जेनजी आन्दोलनदेखि निर्वाचनसम्मका विषयको चर्चा गर्दै जवाफदेहीको खोजीमा यो आलेख केन्द्रित छ।

नेपालका अहिलेसम्मका सबै आन्दोलनका अग्रमोर्चामा उभिएर निर्णायक भूमिका खेल्ने र बलिदान दिने युवाहरू नै हुन्। अहिले पनि युवा पुस्ताले परिवर्तनको आवाज उठाएर आफ्नो पुस्ताको दायित्व पूरा गर्ने तत्परता देखायो।

तर, यो आन्दोलनले यति ठूलो क्षति व्यहोर्नुपर्छ भन्ने न आन्दोलनकारीले सोचेका थिए, न अरूले। यति ठूलो क्षतिबाट गुज्रिएको देशलाई अब उन्नतिको मार्गमा अगाडि बढाउने चुनौतीपूर्ण जिम्मा पनि युवा पुस्ताकै काँधमा छ। यो आन्दोलनले यथास्थितिमा फरक ढंगले सोच्न सबैलाई बाध्य मात्र बनाएको छैन; देशको सार्वभौमिकता, राष्ट्रियता, नेपाली समाजको अवस्था, नेपालको भूराजनीतिक अवस्था र समयले सुम्पेका दायित्वबारे गम्भीर आत्मसमीक्षा गर्नुपर्ने संकेत पनि गरेको छ।

जुन उद्देश्यका साथ आन्दोलन गरियो, जुन तरिकाबाट आन्दोलन गरियो, जसरी आन्दोलनलाई हाइज्याक गर्ने काम भयो र ठूलो जनधनको क्षति भयो, यो इतिहासमा एउटा गम्भीर घटनाका रूपमा दर्ज भइसकेको छ। आन्दोलनमा सहभागी भए वा नभएका, यसको पक्ष वा विपक्षका हरेकले इतिहासको कठघरामा उभिएर जवाफ दिनुपर्नेछ।

यसअर्थमा यो आन्दोलनको वस्तुनिष्ठ समीक्षा जरूरी छ। भलै समग्र समीक्षा गर्ने समय अहिले भएको छैन। तर, अहिले सतहमा देखिएका तथ्यहरूलाई विश्लेषण गर्न भने सकिन्छ।

### *अनौठा दृश्य*

जेनजी आन्दोलनपछि देखिएका अनेकौं रोचक दृश्य हाम्रो मानसपटलमा ताजै छन्। आन्दोलनसँगै अनेक तथ्य, विश्लेषण र विज्ञताको बाढी आएको देखिन्छ।

स्वदेश तथा विदेशका विभिन्न सञ्चारमाध्यमदेखि अनुसन्धान गर्ने संस्थाहरूले अनेकौं तथ्यहरू पस्केका छन्।

ती तथ्यले यो आन्दोलन योजनाबद्ध भएको र सामाजिक सञ्जालको दुरुपयोग गरेर भड्काइएको विषय उजागर गरेका छन्। पुराना दलहरूको अक्षमताका कारण आन्दोलन भएको भन्ने एउटा धार छ भने देशी-विदेशी तत्वको षड्यन्त्रका कारण विध्वंस भएको भन्ने अर्को धार छ। जेनजी आन्दोलनलाई उत्तेजित बनाउने र पानी बाँडेर सहयोग गर्ने नाममा आन्दोलनलाई हाइज्याक गर्नेहरू नै जेनजी नेता बनेको दृश्य निकै अनौठो छ।

पुराना दल, नेता र व्यवस्थालाई गाली गर्दै देशमा अब जादुको छडीले जस्तै विकास र समृद्धिको शिखर चुम्ने सपना बाँड्नेहरूको भीड देखिन्छ। युवाहरूमा काँधमा राष्ट्रिय झण्डा बोक्ने देशप्रेमको लहर आएको छ। राजनीतिमा लाग्ने त भूत नै सवार भएको छ।

एकथरीले वर्षाको भेल छोपे जस्तै गरी दल दर्ता गरिरहेका छन्। अर्कोतिर पुराना दल र नेताहरूले आफ्नो कमी-कमजोरीलाई स्वीकार गर्न नसक्ने र कहाँबाट कसरी यो अवस्था आयो मेलोमेसो नै नपाएर रन्थनिएको अवस्था पनि देखिन्छ। देशको समग्र अवस्थालाई अध्ययन विश्लेषण गर्दा यस्तै अनौठा दृश्य भेटिन्छन् र अनेकौं प्रश्न मानसपटलमा घुमिरहन्छन्। भविष्यमा देशले लिने दिशा र अहिलेको जटिल अवस्थाबाट देशलाई निकास दिने विषयमा अनुमान गर्न कठिन देखिन्छ।

नेपालको इतिहासमै अहिलेसम्म नभएको जन-धनको क्षति सहितको घटनालाई तथ्यगत रूपमा समीक्षा गर्न र यसले पार्ने प्रभावका बारेमा यो छोटो अवधिमा आकलन गर्न सकिँदैन। तर, प्रारम्भिक अनुमान भने गर्न सकिन्छ। यो आन्दोलनको वस्तुनिष्ठ समीक्षा गर्दा विभिन्न दृश्य, तर्क र विश्लेषण आइरहेका छन्। घटनाक्रमलाई बुझ्न/बुझाउन र समीक्षा गर्न उठेका प्रश्नहरूको उत्तर पनि खोज्नुपर्ने देखिन्छ।

मार्क्सवादले भन्छ, कुनै पनि घटना हुनुमा प्रधान विषय आन्तरिक नै र बाह्य विषय सहायक हुन्छ। यस हिसाबले पनि नेपाली समाज, राजनीति र दलका नेताहरूले स्वीकार गर्नैपर्ने हुन्छ कि आन्दोलनको प्रधान कारण आन्तरिक नै हो।

जनता र युवा पुस्ताका सवाल सम्बोधन गर्न नसक्दा, उनीहरूसँग प्रभावकारी संवाद नगर्दा, उनीहरूलाई आवश्यक नागरिक शिक्षा नदिंदा भित्रभित्रै तयार भएको असन्तुष्टि र निराशाको टौवामा देशी-विदेशी अराजकतावादी, प्रतिक्रियावादी र प्रतिगामी तत्वहरूले आगो झोस्ने काम गरे। यो योजनाबद्ध र नियोजित रूपमा नेपाललाई असफल पार्ने खेल अन्तर्गत भएको विभिन्न अध्ययनले देखाएका छन्।

जेनजीको आन्दोलन पछि जेनजीकै समर्थनमा बनेको सरकारमा प्रतिनिधिहरू अधिकांश ज्येष्ठ नागरिक भए। नागरिक सरकारमा रहेका चार जना मन्त्री त पदबाट राजीनामा दिएर रास्वपा नामक पार्टीबाट चुनाव लड्न लागेका छन्। जेनजी उमेर समूहमा नपर्ने विवादित व्यक्ति अहिले जेनजी नेताका रूपमा सरकारलाई थर्काउने र धम्क्याउने गरेका छन्।

कसैले सेयर लिने, कसैले पैसा उठाउने र राजीनामा दिन धम्क्याउने जस्ता काम गरिरहेका छन्। कसैको हाइज्याकमा परेको भनिएको जेनजी आन्दोलनको आवरणमा कैयौं कुरा दृश्य-अदृश्य शक्तिहरूले षड्यन्त्र गरेको विषय विस्तारै पटाक्षेप हुँदै जाने देखिन्छ।

### *अनुत्तरित प्रश्न*

देशमा समस्या थिए भन्नेमा कसैको विमति छैन। नेपाल भौतिक विकासमा अगाडि बढेको तथ्यांक भए पनि सामाजिक विकास, सुशासन, सेवा प्रवाह र नागरिक सन्तुष्टिमा समस्या थियो। स्मरण रहोस्, यी समस्या आज एकाएक आएका हैनन्। यी त पञ्चायत हुँदै बहुदलीय प्रजातन्त्र र लोकतान्त्रिक गणतन्त्रमा पनि हस्तान्तरण हुँदै आएका समस्या हुन्।

वर्षौंदेखिका यी समस्या समाधानको बाटो यही विनाश मात्र थियो कि अरू पनि थिए ! र नेपालको राजनीतिलाई सुधार गर्न, दलहरूलाई रूपान्तरण गर्न, युवा पुस्तालाई नीतिनिर्माण तहमा ल्याउन, भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्न देशलाई खरानी नै बनाउनुपर्दथ्यो कि अरू पनि विकल्प थिए ? विकल्प थिए भने किन यति ठूलो विनास निम्त्याइयो ? अब यी समस्याको दिगो समाधान हुन्छ भन्ने ग्यारेन्टी कसले गर्छ ?

पुराना दलसहित राज्यका सबै अंगहरू र आम नेपाली सच्चिने कि सक्किने ? भन्ने प्रश्न जोडदार रूपमा उठेको छ। अबका दिनमा एकअर्काप्रति बदला लिन गौंडो कुरेर बस्ने कि आफू बदलिने भन्ने प्रश्न पनि छ। संविधान विपरीत गठन गरिएको सरकारले संविधान विपरीत जनताले चुनेको प्रतिनिधि संस्था संसद् विघटन गरेको विषय प्रश्नको घेरा बाहिर छैन।

राष्ट्रिय संस्थाहरूमाथि ठूलो हमला हुँदा देश र जनताका नाममा कसम खाएका सुरक्षा संयन्त्रहरू कमजोर र निरीह देखिनु र राष्ट्रिय विपद्मा मौन बस्नु इतिहासको ठूलो कलंक भएको छ। यो जटिलताबाट देशलाई कसरी संविधान, कानून र विधिको शासनमा फर्काउने शान्ति, सुरक्षा र सद्भाव कायम गर्ने भन्ने प्रश्न अहिले पेचिलो बनेको छ।

जेनजी आन्दोलनका दुई दिनका उथलपुथलकारी घटना, त्यस अगाडि र पछाडि सामाजिक सञ्जालमा अभिव्यक्त भएका विचार हेर्दा स्पष्ट देखिन्छ, नेपाली समाज चरम पछौटेपनबाट गुज्रिरहेको छ।

मिथ्या र भ्रामक समाचारको बाढी, घृणास्पद अभिव्यक्तिले निर्माण गरेको आक्रोशको ज्वालाले देश जलेको, आम नेपाली र मूलतः युवाहरूमा देखिएको विचार शून्यता र अराजक प्रवृत्तिले यही संकेत गर्छ।

पुर्खाको बलिदानले जोगाएको देश, माटो, देशको इतिहास, पहिचान, गरिमालाई समेत चिन्न नसक्ने नागरिक देशमा भएपछि देश कसरी सुरक्षित रहन्छ ? कसरी विकास र समृद्ध हुन्छ ?

भदौ २३ र २४ गते सडकमा आएका युवाहरूको भूमिका देख्दा गम्भीर प्रश्न उठ्छ, राष्ट्रियता, देशप्रेम, सार्वभौमसत्ता, लोकतन्त्र, विधिको शासन जस्ता हरेक नागरिकले बुझ्नै पर्ने र जीवनमा अवलम्बन गर्नै पर्ने नागरिक शिक्षा जेनजीले पाएका थिए वा थिएनन् ?

आफैं सूचनाप्रविधिमा अभ्यस्त र विश्वबारे समेत जानकारी राख्ने भनिएको जेनजीको कलिलो दिमागमा कसले घृणा, आक्रोश, द्वेष, आपराधिक र विध्वंसात्मक सोच घुसायो ? सिर्जनाका संवाहक हुनुपर्ने युवाहरू किन ध्वंसका वाहक भए ? काँधमा देशको झण्डा बोकेर देश जलाउने सोच कसरी आयो ? देश जलाउँदा ती युवाका हात किन कामेनन् ? जेनजी विभिन्न पुस्ता बीचको सेतु कि विखण्डनको अस्त्र हो ? सिर्जनाको संवाहक हो कि विध्वंसको वाहक हो ? काँधमा झण्डा बोकेर देशमा आगो लगाएर खरानी बनाउने युवाको देश प्रेमको परिभाषा संसारको कुन डिक्सनेरीमा पाइन्छ ?

के यस्तै मानसिकताले देश विकास र समृद्धिमा जान सम्भव छ ? आफूले सकेसम्म लुटपाट गर्ने अनि अरू चाहिं रामराज्यको राम जस्तै भइदिनुपर्ने माग राखेर सुशासनको लडाईं जितिन्छ ? यी प्रश्नको उत्तर आज पनि देशले खोजिरहेको छ।

विगतमा आन्दोलनले राष्ट्रिय स्वरुप ग्रहण गरेपछि विभिन्न क्षेत्रका मानिसले समर्थन गर्ने र अन्ततः सफल हुने गरेको इतिहास छ। तर, नेतृत्व र मुद्दाले ठोस आकार नै नलिएको जेनजी आन्दोलनलाई शुरु नहुँदै समर्थनमा नख्खु कारागरमा भएका रास्वपाका सभापति, काठमाडौंका मेयर, माओवादी, राजावादी, दुर्गा प्रसाई लगायत सामाजिक सञ्जालमा पकड भएका सेलिब्रिटीहरूले किन उत्तेजित पार्ने काम गरे ?

के यसलाई विस्तारै परिवर्तनकारी र रूपान्तरणकारी आन्दोलनमा विकास गर्न सकिँदैनथ्यो ? आफूले जीवनमा केही गर्न नसकेको कुण्ठाग्रस्त मानसिकताबाट प्रभावित भएर ठीक-बेठीक छुट्याउनै नसक्ने अवस्थाका कलिला बालबालिका र युवालाई किन उत्तेजनाको भारी बोकाएको ?

स्कूलका पोशाकमा आन्दोलनमा बोलाउने को हो ? बालबालिका शान्ति क्षेत्र भन्ने विश्वव्यापी मान्यता हुँदाहुँदै पनि किन आन्दोलनमा बोलाइयो ? ठीक-बेठीक छुट्याउन नसक्ने बालबालिका र युवाको ब्रेनवास गरेर हातहतियारले सुसज्जित सेना, सशस्त्र प्रहरी र तालिमप्राप्त प्रहरीले सुरक्षा गरिरहेको देशको महत्वपूर्ण निकाय संसद् भवनमा आक्रमण गर्न पठाउने को हो ?

शान्तिपूर्ण भनिएको आन्दोलन एकाएक किन हिंसात्मक बन्यो ? संसद् भवन जस्तो संवेदनशील क्षेत्रमा प्रवेश गरेर तोडफोड र आगजनी गर्ने तहमा पुग्नु तर, जेनजी आन्दोलनले हिंसात्मक आन्दोलनमा आफ्नो हात नभएको बताउनुले यो घटना किन र कसले गरायो भन्ने गम्भीर प्रश्न उठ्छ। यो घटनाको जिम्मेवारी आयोजकले लिनुपर्छ कि घुसपैठ भयो मात्र भन्दा पुग्छ ?

राज्यको सुरक्षा संयन्त्र र मूलतः प्रहरीले कम क्षतिमा भीड नियन्त्रण गर्ने क्षमता किन प्रदर्शन गर्न सकेन ? नेपालको राष्ट्रिय एकताको प्रतीक राष्ट्रपति भवन सहित, सिंहदरबार, सर्वोच्च अदालत र अन्य महत्वपूर्ण स्थलहरू जलिरहँदा सुरक्षा निकाय र मूलतः सेना किन मौन बस्यो ?

संसारभर नाम चलेको नेपाली सेना, आफ्नै परमाधिपतिको कार्यालय जोगाउन किन लागेन ? राष्ट्रिय धरोहर जोगाउन नसक्ने सेनाले भोलि देश र जनतामाथि योभन्दा ठूलो समस्या आउँदा कसरी जोगाउँछ भन्ने प्रश्न उठेको छ।

आन्दोलनका बेला सेनाले खेलेको भूमिकाले सेना नागरिकको मातहत भएको, संविधान र कानूनको मातहत भएको मान्यताप्रति पनि प्रश्न उठेको छ। यसका साथै अर्को आश्चर्यजनक कुरा त नख्खु कारागारमा थुनामा रहेका रवि लामिछाने जुन तरिकाले विजयोत्सव गर्दै जेलबाट बाहिर निस्के त्यो कानूनी शासनप्रतिको गम्भीर खेलबाड थियो।

एउटा राष्ट्रिय दलको सभापति, पूर्व उपप्रधानमन्त्री तथा गृहमन्त्री भइसकेको व्यक्ति र युवाहरूले आशा गरेको व्यक्तिले यो हदको उग्रता देखाउनुले उनी कस्तो सोच बोक्छन् भन्ने स्पष्ट हुन्छ। उनी एक जनाको कारणले देशभरबाट १४ हजारभन्दा बढी कैदीहरू जेलबाट भागे र ठूलो संख्यामा हतियार लुट्ने काम पनि भयो।

यस घटनाले शान्ति सुरक्षामा पारेको प्रभाव, अपराधीको बढेको मनोबल, राज्यको निरीहता, कानूनी शासनको उल्लंघन र दण्डहीनताले दीर्घकालीन रूपमा पार्ने प्रभाव पनि प्रश्नको घेरामा छ।

रास्वपाले जेनजी आन्दोलनमा समर्थन गर्ने, आह्वान गर्ने, सहभागी हुने र जेलबाट रविलाई भगाउन अनेक तिकडम गर्ने कामको जिम्मेवारी लिनुपर्छ कि पर्दैन ? के यी प्रश्नको चित्तबुझ्दो जवाफ नदिई यो दलप्रति

# बुढ्यौलीको औषधि : संगीत



उमेर बढ्दै जाँदा शरीरमा अनेकन् समस्या देखिन्छन् । विभिन्न रोग लाग्न थाल्छ । एक्लोपनदेखि नसोचेको रोग बुढ्यौलीमा लाग्नु सामान्य जस्तै हुन्छ । तर, यी सबलाई भुलाउने, मन शान्त पार्ने एउटा कुरा छ- संगीत ।

हो, संगीत सधैं मनोरञ्जनका लागि मात्र हुँदैन । होहल्ला र नाचगान गर्नका लागि मात्र हुँदैन । यसले तन रमनका लागि एउटा औषधिका रूपमा पनि काम गर्छ । ओरेगन विश्वविद्यालयका प्रोफेसर र एभ्री ब्रेन निड्स म्युजिकका लेखक ल्यारी शर्मनका अनुसार जीवनभर संगीत सिक्ने वा गाउने गर्दा हाम्रो दिमागका कोषिकाहरू बलियो हुन्छन् । यसले बुढेसकालमा लाग्ने बिर्सने रोगहरूलाई ढिलो बनाउन वा रोक्न मद्दत गर्छ । अनुसन्धानले पनि यही कुरा भन्छ ।

संगीतमा रमाउनाले उमेरसँगै लाग्ने रोगहरूको जोखिम कम हुन्छ नै, सँगै रोग लागिसकेका बिरामीहरूका लागि पनि यो एउटा बलियो सहारा बन्छ । गीत गाउँदा पार्किन्सनका बिरामीहरूको स्वरमा प्रस्टता आउँछ । उनीहरूको दैनिक जीवन सहज हुन्छ ।

त्यस्तै अरू संगीत सम्बन्धी अभ्यासले उनीहरूलाई हिँडडुल गर्न पनि सजिलो बनाउँछ । अझ क्याथीले बिर्सने रोग (डिमेन्सिया) लागेकाहरूका लागि संगीतले सम्झने शक्ति, मान्छेको अनुहार पहिचान र पुराना सम्झनाहरूको याद गर्ने क्षमतामा सुधार ल्याउँछ ।

### *संगीतले हाम्रो दिमागलाई कसरी मद्दत गर्छ ?*

संगीतले कसरी काम गर्छ भन्ने कुरा सबैमा एउटै नहुन सक्छ । डिमेन्सिया भएकाहरूका लागि संगीतले सोच्ने र सम्झने शक्ति बढाउँछ । हाम्रो दिमागमा संगीत सम्झिने भाग यति बलियो हुन्छ कि अल्जाइमर जस्तो कडा रोगले पनि त्यसलाई सजिलै मेटाउन सक्दैन ।

पार्किन्सनमा संगीतले शरीरको चाल र स्वर सुधार्न मद्दत गर्छ । तर दिमागको अवस्था धेरै बिग्रनुअघि नै यस्तो उपचार सुरु गर्नु राम्रो हुन्छ । कुनै रोग नलागेका स्वस्थ मानिसहरूका लागि पनि संगीत वरदान साबित भएको छ । लामो समयसम्म संगीत सिक्ने वा गाउने गर्दा दिमागका नसाहरू बीचको सम्बन्ध बलियो हुन्छ । हामी बुढो हुँदै जाँदा यसले हाम्रो दिमागलाई बुढो हुन दिँदैन ।

किनकि संगीतको अनुभवले हाम्रो दिमागको ठूलो हिस्सा ओगट्छ । त्यसैले बोल्न नसक्ने अवस्थामा पुगेका बिरामीहरूले पनि संगीत सुनेर प्रतिक्रिया दिन सक्छन् ।

### *जीवनमा संगीतलाई कसरी उपयोग गर्ने ?*

संगीतको फाइदा युवाहरूलाई पनि उत्तिकै हुन्छ । डेनमार्ककी प्रोफेसर अन्ना जामोरानाले गरेको एक अनुसन्धानका अनुसार संगीत सिक्ने मानिसहरूले शारीरिक पीडा कम महसुस गर्छन् ।

उदाहरणका लागि, संगीतकारहरूले अप्ठ्यारा धुन सिक्नका लागि दुख गर्दा उनीहरूलाई शारीरिक थकान/पीडाको त्यति महसुस हुँदैन । किनकि उनीहरूको दिमागले एक किसिमको सफलता र आनन्दको महसुस गरिरहेको हुन्छ ।

जामोरानाका अनुसार दिनमा ३० देखि ४५ मिनेट कुनै बाजा बजाउनु वा संगीत अभ्यास गर्नु स्वास्थ्यका लागि शारीरिक व्यायाम गरे जस्तै हुन्छ ।

### *सामूहिक गायन अझ राम्रो*

एक्लै संगीत सुन्नु भन्दा अरूसँग मिलेर गाउनु अझ लाभदायक हुन्छ । समूहमा गाउँदा हाम्रो दिमागमा डोपामाइन र इन्डोर्फिन जस्ता रसायनहरू निस्किरहेका हुन्छन् । यसले हामीलाई समूहमा सुरक्षित र सम्मानित गराइरहन्छ ।

त्यस्तै समूहमा गाउँदा एकअर्कासँग घुलमिल पनि सहज र छिटो हुन्छ । यसले सम्बन्धलाई त बलियो बनाउँछ नै, सँगै त्यसले हामीलाई एउटा छुट्टै र सुन्दर संसारमा लैजान्छ।

---

## पुल र.....

बालुवा र ढुङ्गाका कारण मुस्किलसँग सवारीसाधन वारपार गरिरहेका छन् । यी तीन वटै खोलामा पुल नहुँदा चुरेवर्ती क्षेत्रमा अझ बढी समस्या रहेको छ । महोत्तरीको बर्दीबास नगरपालिका-११ देखि सर्लाहीको ईश्वरपुर, लालबन्दी, हरिवन हुँदै बागमतीसम्म पुग्ने गरी चुरेको फेदी नै फेदी सडक भए पनि खोलामा पुल रहेका छैनन् । भर्खरै लालबन्दी नगरपालिका-१६ स्थित परवानीपुरमा पर्ने कालिन्जोरखोलामा पुल बनेको छ । अन्य ठाउँमा भने खोलाबाटै आवतजावत गर्नुपर्ने बाध्यता रहेको छ ।

लालबन्दी नगरपालिका-१५, देउरालीका शङ्कर केसीले चुनावमा मत माग्न आउने उम्मेदवारलाई खोलाको अवस्थाबारे जानकारी गराउने र पुल निर्माण गर्न ध्यानाकर्षण गराउने काम गरिरहेको बताउनुभयो । उहाँले यसअघिका उम्मेदवारले पनि पुल, पुलेसाको प्रतिबद्धता जनाए पनि काम नगरेको गुनासो गर्नुभएको छ ।

महोत्तरीको बर्दीबास नगरपालिका-११, खयरमारा र सर्लाहीको ईश्वरपुर नगरपालिका-१२, कालिन्जोरलाई जोड्ने गरी पुल निर्माण गरिदिन माग गर्दै ईश्वरपुर नगरपालिकाले तीन वर्षअघि सडक विभागसँग बजेट माग गरेको थियो । सङ्घीय बजेटबिना यहाँ पुल निर्माणको सम्भावना नै नरहेको स्थानीय तहका जनप्रतिनिधि बताउँछन् । स्थानीय बासिन्दाको जनजीविकासँग जोडिएको चुरेफेदीको रणनीतिक सडक निर्माणका लागि बारम्बार आवाज उठे पनि उचित सुनुवाइ हुन सकेको छैन । सर्लाही-१ का उम्मेदवार शम्भुलाल श्रेष्ठ, मनोजकुमार देवकोटा, प्रमोदकुमार साहलगायतले सडक निर्माण अन्तर्गत लालबन्दी-मरिणा सडकसहितलाई प्राथमिकता दिने घोषणापत्रमा उल्लेख गर्नुभएको छ ।

चुरेफेदीमा पुल निर्माण नभए पनि पालिका र प्रदेश सरकार मिलेर सडक भने लगभग कालोपत्रे गरिसकेका छन् । बाँके, फूलजोर र लखन्देहीखोलामा पुल नहुँदा पूर्वपश्चिम राजमार्गदेखि दक्षिणी भेगमा पनि समस्या नै छ । वर्षायाममा त स्थानीय बासिन्दा बाढी तरेर जान नसक्दा पूर्वपश्चिम राजमार्गमा निस्किएर वारपार गर्ने गरेका छन् । हरिपुर नगरपालिका-१, हजारबिघाका वडाध्यक्ष नानीबाबु थापाले मुलुकका शीर्ष नेता चुनाव लड्न आएकाले लखन्देखीखोलामा पुल निर्माणको पहल गरिदिन ध्यानाकर्षण गराइएको बताउनुभएको छ ।

**अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस**
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

---

## अनुत्तरित प्रश्न..........

विश्वास गर्न सकिन्छ ?

यो विध्वंस राज्य संयन्त्रको कमजोरी, राजनीति र नेताप्रतिको अविश्वास र घृणाबाट उकुसमुकुस भएका नागरिक र युवामाथि गरिएको निर्मम दमनबाट विस्फोट भएको भनेर मात्र मान्न सकिने अवस्था छैन।

देशी-विदेशी प्रतिगामी तत्वहरूको योजनाबद्ध षड्यन्त्र रहेको पनि स्पष्ट देखिन्छ। यसैले जेनजी र दलहरूले यी सबै घटनाबाट शिक्षा लिनु आवश्यक छ।

कथंकदाचित आउने दिनमा पुनः अल्फा पुस्ता पनि यसरी नै अराजक बनेर आएमा के हुन्छ भन्ने विषयलाई पनि हेक्का राख्न आवश्यक छ।

विगतमा राजनीतिमा लाग्न हुँदैन भन्ने, राजनीतिलाई फोहोरी गेम भन्ने युवाहरूलाई देश, समाज, नागरिक दायित्व आदिबारे समयमा बुझाउन सकिएन भने भविष्यमा पनि यस्ता अकल्पनीय दुर्घटना हुन सक्छन्। यसैले निर्वाचनको रापताप बढेको बेला नागरिक शिक्षामा दलहरू र सिंगो देशले ध्यान दिन जरूरी छ।

### *समाज र राजनीतिक पुनर्गठनको अवसर*

समाज र राजनीतिले आफ्नो अनुहार जेनजी आन्दोलनको ऐनामा हेर्ने मौका पाएका छन्। यो आन्दोलनले दल र नेताहरूको भूमिकामा गम्भीर प्रश्न उठाएपछि दलहरूले सुधारको थालनी गरेका छन्। तर, सुधार जनअपेक्षित भने छैन। महाधिवेशनको अवधि एक वर्ष हुँदाहुँदै पनि एमालेले महाधिवेशन गरेर पदाधिकारीदेखि कार्यसमितिमा ठूलो संख्यामा नयाँ र युवाहरूलाई प्रवेश गराएको छ। कांग्रेसले विशेष महाधिवेशन गरेर पुरानो पुस्तालाई विस्थापित गरी नयाँहरूलाई समावेश गरेको छ। माओवादीले भने एकताका नाममा आफूलाई रूपान्तरण गर्ने विषयलाई टारेको देखिन्छ। नयाँ पार्टीहरूले पनि अधिवेशन गरेर आफूलाई व्यवस्थित गर्ने काममा ध्यान दिएको देखिंदैन। नयाँले जे गरे पनि हुने जस्तो भाष्य बनाइएको छ।

पछिल्लो राजनीतिलाई विश्लेषण गर्दा कतिपय दलहरूका नेताहरूमा अति नेतृत्व मोह, कतिपय दोस्रो तहका नेतृत्वमा नेतृत्वको अति महत्वाकांक्षा र कतिपयमा कुनै पहलकदमी नै नलिने खालको प्रवृत्ति देखिएका छन्।

राजनीतिमा भएका समस्याको जरो पत्ता लगाएर समाधान गर्ने दिशामा पार्टीहरू लागेको देखिंदैन। नेतृत्व परिवर्तनले मात्र समस्या समाधान हुने जस्तो गरी बहस अगाडि बढेको छ।

तर, समग्र राजनीतिको रूपान्तरण भएन भने न दलहरूमा नयाँ ऊर्जा आउँछ न देश विकासमा थप काम हुन्छ। यसको सुरुवात भने समाज रूपान्तरण र पुनर्गठनबाट मात्र हुन सक्छ। समाज गलत तर राजनीति र नेता राम्रो हुने अपेक्षा गरियो भने त्यो सम्भव हुँदैन।

कुनै भूगोल, जात, उमेर वा लिंगको एउटा नेताले नेतृत्व छोडेर, उस्तै प्रवृति, मानसिकता, सोचविचार भएको व्यक्तिलाई नेतृत्वमा स्थापित गर्दैमा राजनीतिमा देखिएका समस्या समाधान होलान् ? जेनजीले चाहे जस्तै रूपान्तरण सम्भव होला ? नेपाली राजनीतिको लामो अभ्यास हेर्दा यो सम्भव देखिंदैन। यसले सामान्य सुधार भए पनि न त्यो दिगो हुन सक्छ न परिणाम नै दिन सक्छ।

यसैले समग्र राजनीतिमा रूपान्तरण र शुद्धीकरण आवश्यक छ। यसका लागि नेताहरूले आफ्नो आफ्नो पार्टीको नीतिमा, विचारमा, संरचनामा गम्भीर समीक्षा सहित समग्र रूपान्तरणको खाका कोर्नुपर्दछ। यसमा नीति वा विचार र कार्यशैलीमा भएको कमी-कमजोरीको समीक्षा, संरचनात्मक सुधार, नेतृत्व हस्तान्तरण गर्ने समयावधि समावेश हुनुपर्दछ।

स्मरण रहोस्, राजनीति र राजनीतिक दलहरूलाई प्रदूषित बनाउने सबै समस्याको निर्मम समीक्षा गरेर त्यसको दिगो समाधान निकाल्ने प्रतिबद्धता सहितको श्वेतपत्र जारी हुनु अनिवार्य छ।

### *चुनावी रापताप र पपुलिजमको हावा*

अनेकौं चुनौती र आशंका चिर्दै देश अहिले निर्वाचनको दिशामा अगाडि बढेको छ। यो पटकको निर्वाचन मुद्दा भन्दा बढी पपुलिस्ट व्यक्ति केन्द्रित बनेको छ। देश विकासको भिजन भन्दा पनि व्यक्तिको लोकप्रियतालाई भजाएर चुनाव जित्ने र सत्तामा पुग्ने प्रवृत्ति हावी हुन खोजेको देखिन्छ।

यो पटक आश्चर्यजनक रूपमा पार्टी दर्ता गर्ने लहर नै चल्यो। कुनै सामाजिक संस्था स्थापना गरे जस्तै, कुनै व्यापारिक कम्पनी खोले जस्तै राजनीतिक पार्टीहरू खोलिएका छन्। नयाँ र पुराना पार्टीहरूमा विभिन्न क्षेत्रमा काम गरेका तर राजनीतिक अनुभव नभएका व्यक्तिहरूको प्रवेश र निर्वाचनमा समानुपातिक उम्मेदवार बनेको विषय पनि चर्चामा रहेको छ। यसरी पार्टी प्रवेश गर्ने र समानुपातिक उम्मेदवार बन्ने क्रम बढी नयाँ पार्टीमा भएको र सेलिब्रिटीहरू रहेको देखिन्छ। यसले राजनीतिमा दीर्घकालीन असर पर्ने देखिन्छ।

अहिले नेपालको राजनीतिमा पपुलिजम हावी भएको छ। नयाँ दल र नेताहरू पपुलिस्ट नारा लगाएर उदाएका छन्। अघिल्लो चुनावबाट नै यो संकेत आएको थियो। पपुलिजमले सामाजिक अराजकता निम्त्याउने आकलन पहिलेदेखि नै गरिएको थियो।

अहिले जेनजी आन्दोलनमा देखिएको विध्वंसले देश अराजकतामा प्रवेश गरेको र कानूनी शासन कमजोर भएको स्पष्ट देखिन्छ। सामाजिक सञ्जाल र अल्गोरिदमबाट प्रभावित समाज र पपुलिस्ट राजनीतिले देशलाई दीर्घकालीन रूपमा पुऱ्याउने क्षतिबारे सचेत हुनुपर्ने देखिन्छ।

अहिलेको चुनावी दौड हेर्दा देश बनाउने खाका प्रस्तुत गर्ने भन्दा पनि भीड जम्मा गर्ने, पपुलर उम्मेदवारलाई देखाउने र सामाजिक सञ्जालमा मिस डिसइन्फर्मेसनको बाढी ल्याउने, गालीगलौज र घृणास्पद अभिव्यक्ति दिने, पुराना पार्टी र दललाई होचो देखाएर आफू अग्लो देखिने होडबाजी देखिएको छ। जब राजनीतिमा विचार, सिद्धान्त, मूल्यमान्यताको ठाउँ पपुलिस्ट एजेण्डाले लिन्छ, तब देशको भविष्य अन्योलग्रस्त हुन्छ। अहिलेको देशको अवस्था र चुनावी माहोलले यही संकेत गर्छ।

यस्तो गम्भीर परिवेशमा हुने चुनावले सबै समस्याको निकास दिन नसके पनि संकट समाधानको प्रस्थानविन्दु हुनसक्ने देखिन्छ।

यसका लागि माथि चर्चा गरिएको प्रश्नहरूको जवाफ खोजिनुपर्छ। साथै जिम्मेवार र सचेत नागरिकले देशलाई संविधान, कानून, विधिको शासनमा फर्काउन तथा लोकतन्त्र र संविधानलाई जोगाउन, एजेण्डाविहीन पपुलिस्ट राजनीतिलाई रोकेर विचार, सिद्धान्त र मूल्य र मान्यताको राजनीतिमा पुनः देशलाई फर्काउन विशेष भूमिका खेल्नुपर्नेछ।

देशको राष्ट्रियता, सार्वभौमिकता, राष्ट्रिय एकता र विधिको शासनमाथि आएको यो संकटबाट देशलाई जोगाउन संविधान, लोकतन्त्र पक्षधर र प्रगतिशील र वामपन्थी शक्तिहरू बढी जिम्मेवार बन्न जरूरी छ। जेनजी आन्दोलनका मुद्दालाई संस्थागत गर्न र संकटबाट देशलाई निकास दिन पनि जेनजीहरू सबैभन्दा बढी जिम्मेवार बन्नुपर्ने देखिन्छ। यस पटकको निर्वाचनमा देशलाई साँच्चिकै माया गर्ने नेपालीहरूले विवेकको मत प्रयोग गर्न आवश्यक छ। साभार: रातोपाटीडटकम

# अहिलेको निर्वाचनमा कुनै दलको पनि बहुमत आउँदैन : प्रचण्ड



दैनिक समाचारदाता

काठमाडौँ १४ फागुन । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले अहिलेको निर्वाचनमा कसैको पनि बहुमत नआउने बताएका छन् । बिहीबार केन्द्रीय कार्यालय पेरिसडाँडामा पत्रकार सम्मेलन गर्दै उनले निर्वाचन प्रणालीका कारण कुनै दलको पनि बहुमत नआउने बताएका हुन् ।

'अहिले कुनै एक पार्टीको बहुमत आउने सम्भावना देखिएको छैन । निर्वाचन प्रणालीका कारण कसैको बहुमत आउने देखिँदैन । यस निर्वाचनमा हाम्रा साथीहरू एकताबद्ध भएर सहभागी भएका छन् । देशभर हाम्रो पार्टीको राम्रो माहौल बन्दै गएको छ', उनले भने, 'यस निर्वाचनमा एमाले, कांग्रेस, नेकपा र रास्वपाबिच कडा प्रतिस्पर्धा हुने देखिन्छ । अब एक हप्ता मेहनत गरेमा हाम्रो पार्टी राम्रो पोजिसनमा आउने देखिएको छ । नेकपा मात्र त्यस्तो पार्टी हो पार्टीभित्र समस्या देखिएको छैन । हामीले जिते मात्र राष्ट्रियता, गणतन्त्र र संविधान संशोधन सहज हुने देखेका छौँ ।' प्रचण्डले अतिवादी प्रवृत्तिले निर्वाचन जितेमा देशले दुःख पाउने बताए । उनले भने- 'हामी शान्ति प्रक्रियामा आएपछि वृहत् शान्ति सम्झौतामा हस्ताक्षर भएपछि निर्वाचनमा जस्तो परिणाम आए पनि स्विकाछौँ भनेका थियौँ । त्यतिबेला राम्रो परिणाम आएको थियो । अहिले हुन लागिएको निर्वाचनमा यही व्यवस्था र संविधानलाई स्विकारेर हुन लागेकाले जस्तोसुकै आए पनि स्विकार्नुपर्छ ।'

# पाँच वर्ष अर्को प्रयोग नगर्न गगनको आग्रह

दैनिक समाचारदाता

काठमाडौं, १४ फागुन । नेपाली कांग्रेसका सभापति गगन थापाले पाँच वर्ष अर्को प्रयोग नगर्न कर्णालीवासीसँग आग्रह गरेका छन् । बिहीबार सुर्खेतमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै सभापति थापाले कर्णालीको विकासको फेरिहिस्त आफूसँग रहेको दाबी गर्दै नयाँ प्रयोग नगर्न आग्रह गरेका हुन् । 'मेरो आग्रह छ, पाँच वर्ष अर्को प्रयोग नगरौँ । पाँच वर्ष परिवर्तनको वर्ष बनाउने हो,' सभापति थापाले भने । तर त्यसका लागि सोच चाहिने उनले बताए । 'कर्णालीका बारेमा बोल्दैगर्दा साथीहरू मुद्दा दिनुभएको छ । तर म पढेर भन्दिनँ,' उनले भने । कर्णालीका बारेमा धेरै कुरा भन्न सकिने उनले बताए ।



'कर्णाली स्वर्ग हो भन्न सकिन्छ, कर्णाली अन्नको भण्डार हो भन्न सकिन्छ । कर्णाली नेपालको सर्वाधिक राम्रो ठाउँ हो भन्न सकिन्छ । राराका बारेमा कविता भन्न सकिन्छ,' सभापति थापाले भन,'यहाँको स्याउँको कथा भन्न सकिन्छ, यहाँको यार्सागुम्बाको कथा भन्न सकिन्छ ।' तर प्रश्न सँगै अर्को कुरा जोडिएर आउने यहाँको गरिबी रहेको उनले बताए ।

'आज देशभरी जम्मा १७-१८ प्रतिशत गरिबी हुँदैगर्दा करिब ४० प्रतिशतको गरिबी बोकेर कर्णाली किन बसिरहेको छ ? सबैभन्दा ठुलो बेरोजगारी बोकेर कर्णाली किन बसिरहेको छ ? देशभरका आमा बचाउँदै गर्दा कर्णालीका आमा किन बचाउन सकिएका छैनन् ? यी प्रश्नका सपाट उत्तर दिएर भाग्न सकिन्छ । तर ती उत्तर दिएर समाधान निस्किन्न,' उनले भने । त्यसका लागि समस्याको जरामा पुग्नुपर्ने उनले बताए ।

कर्णालीको विकास गर्ने कुरा नै महँगो रहेको पनि सभापति थापाले बताए । 'कर्णाली र काठमाडौंको विकासको एउटै ढाँचा हेरेर हुँदैन । कर्णालीको वार्षिक आय प्रदेशको जम्मा ५२ करोड छ,' उनले भने । काठमाडौं महानगरमा भने त्यहाँको मेयरलाई सुतिसुति विकास गर्ने पैसा हुने उनले टिप्पणी गरे ।

'काठमाडौंको मेयरका लागि सुतिसुति विकास गर्न त्यहाँको खुत्रुकेमा १० अर्ब रुपैयाँ आफै जम्मा हुन्छ,' उनले भने, 'किन जम्मा हुन्छ ? स्थानीय तहको आम्दानी सबैभन्दा बढी घरबहाल करबाटै आउँछ । अनि सुर्खेतको, कालिकोटको मान्छेले पनि काठमाडौंको खुत्रुकेमा घरभाडा जान्छ ।'

# महोत्तरीमा शीर्ष नेताको चुनावी दौड



दैनिक समाचारदाता

महोत्तरी १४ फागुन । प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा महोत्तरीमा राजनीतिक गतिविधि तीव्र बनेको छ। विभिन्न दलका शीर्ष नेताहरू बुधबार एकै दिन जिल्लाका अलग(अलग क्षेत्रमा पुगेर चुनावी सभालाई सम्बोधन गरेपछि चुनावी माहोल थप तातेको हो।

निर्वाचन क्षेत्र नं. १ को बर्दिवासमा रवि लामिछाने र हर्क साम्पाङ ले सभालाई सम्बोधन गर्दै सुशासन, विकास र विभेद अन्त्यका मुद्दा उठाउनुभयो। उहाँहरूले भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना तथा मधेशका समस्याप्रति राज्यको ध्यानाकर्षण गराउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

त्यसैगरी विश्वप्रकाश शर्मा ले निर्वाचन क्षेत्र नं. ४ को सम्सी र क्षेत्र नं. ३ को जलेश्वरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली कांग्रेस विकास, सुशासन र आर्थिक समृद्धिका पक्षमा रहेको बताउनुभयो। देशलाई सही दिशा दिन कांग्रेस सक्षम रहेको उहाँको भनाइ थियो।

निर्वाचन क्षेत्र नं. २ अन्तर्गत बलवा नगरपालिकामा आयोजित सभामा उपेन्द्र यादव र महन्थ ठाकुर ले सङ्घीयता, अधिकार संरक्षण र मधेशका सवाललाई प्रमुख एजेन्डा बनाउँदै सम्बोधन गर्नुभयो। सङ्घीय व्यवस्था जोगाउन र विभेद अन्त्यका लागि आफ्नो पार्टी प्रतिबद्ध रहेको उनीहरूको जोड थियो।

शीर्ष नेताहरूको सक्रिय उपस्थितिले जिल्लामा चुनावी सरगर्मी उत्कर्षमा पुगेको छ। सभापछि उम्मेदवार तथा कार्यकर्ताहरू घरदैलो अभियानमा जुटेका छन् भने मतदातासँग प्रत्यक्ष भेटघाट र संवादलाई तीव्र बनाइएको छ। निर्वाचन नजिकिँदै जाँदा महोत्तरीमा राजनीतिक गतिविधि अझ चुलिने संकेत देखिएको छ।

# 'पाँच वर्षमा पाँच क्रान्ति'का साथ शंकर पोखरेल मैदानमा

दैनिक समाचारदाता

दाङ १४ फागुन । दाङ क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार तथा शंकर पोखरेल ले निर्वाचित भएमा पाँच वर्षभित्र कार्यान्वयन गर्ने 'पाँच संकल्प' सार्वजनिक गरेका छन्। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिवसमेत रहेका पोखरेलले आर्थिक, शैक्षिक, स्वास्थ्य, प्रविधि र सुशासनका क्षेत्रमा रूपान्तरण ल्याउने प्रतिबद्धता जनाएका हुन्।

'पाँच वर्षमा पाँच क्रान्ति' शीर्षकअन्तर्गत उनले रोजगारी सिर्जना, सडक र सिँचाइ विस्तार तथा उद्योग प्रवर्द्धनमार्फत आर्थिक तथा पूर्वाधार विकासलाई तीव्रता दिने योजना प्रस्तुत गरेका छन्। शिक्षा क्षेत्रमा गुणस्तरीय र सीपमूलक कार्यक्रम लागू गर्दै डिजिटल शिक्षाको विस्तारलाई



प्राथमिकतामा राख्ने उल्लेख छ।

स्वास्थ्यतर्फ आधुनिक उपकरणसहितका अस्पताल सुदृढीकरण, सहज र गुणस्तरीय उपचार सेवा तथा गाउँ-गाउँमा विशेष स्वास्थ्य सेवा विस्तार गर्ने प्रतिबद्धता उनले जनाएका छन्। प्रविधि र सुशासनमार्फत प्रशासनिक सुधार गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउने उनको योजना छ।

संकल्प सार्वजनिक गर्दै पोखरेलले दाङलाई आर्थिक, सामाजिक र प्रशासनिक दृष्टिले नमूना जिल्लाका रूपमा विकास गर्ने लक्ष्य व्यक्त गरे। "अब दाङबासी ज्ञापनपत्र बुझाउने ठाउँमा होइन, बुझ्ने ठाउँमा हुनुपर्छ," उनले भने, दाङको प्रतिनिधित्व राष्ट्रिय राजनीतिमा प्रभावकारी बनाउने आफ्नो चाहना दोहोऱ्याउँदै।

# पत्रकारमाथि हमला

झापा १४ फागुन । चुनावी रिपोर्टिङका क्रममा झापा पुगेका रातोपाटीका पत्रकार अर्जुन आचार्यमाथि नेकपा एमाले का कार्यकर्ताहरूले बिहीबार दिउँसो आक्रमण गरेका छन्। कमल गाउँपालिकास्थित जीवन चोकमा रिपोर्टिङ गरिरहेको बेला २५६१ नम्बरको स्कर्पियोमा आएका एमाले भोलिन्टियर फोर्सका सदस्यहरूले आचार्यमाथि आक्रमण गरेको रातोपाटीका पत्रकार रोहित दाहालले जानकारी दिए। उक्त घटना एमाले अध्यक्ष केपी शर्मा ओली को घरदैलो र सचिवालय टोली पछ्याउने क्रममा भएको हो। स्थानीय महिलाहरूले साङ्केतिक विरोध जनाएपछि कार्यकर्ताहरूले महिलामाथि अश्लील व्यवहार देखाएका थिए। फोटो र भिडियो खिच्ने क्रममा पत्रकार आचार्यमाथि आक्रमण भएको हो। आक्रमणकारीहरूले आचार्यको मोबाइल खोसेर लगेका छन् र चस्मा फुटाइदिएका छन्। उनको आँखा, गाला र ढाडमा चोट लागेको छ। अन्य पत्रकारहरूले उनलाई उद्धार गरी सुरक्षित स्थानतर्फ लगेका थिए। आक्रमणपछि पनि कार्यकर्ताहरूले टोलीलाई धम्की दिएका थिए। कोशी प्रदेशमा रिपोर्टिङका लागि रातोपाटीबाट पाँच पत्रकार खटिएका छन्।

# 'पैसा देखाएर' ठगी गर्ने गिरोह झापामा पक्राउ

दैनिक समाचारदाता

बिर्तामोड, १४ फागुन । झापामा 'पैसा देखाएर' ठगी गर्ने गिरोहका ६ भारतीय र एक नेपालीसहित सात जनालाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ। सशस्त्र प्रहरीले शङ्काका आधारमा नियन्त्रणमा लिएको उक्त समूहलाई बुधबार जिल्ला प्रहरी कार्यालय झापा ले पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको हो।

भद्रपुर नगरपालिका-८ घोडामारास्थित एयरपोर्ट सडकखण्डमा मङ्गलबार साँझ सशस्त्र प्रहरी बल नेपाल नं. २ हेडक्वार्टर गणले चेकजाँचका क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको थियो। प्रहरीका अनुसार भारतीय नम्बर प्लेटका सवारी साधनमा 'प्रेस' लेखेर हिँडिरहेको उक्त समूहले जिल्लामा वित्तीय ठगी गर्ने योजना बनाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

पक्राउ पर्नेहरूमा भारत पश्चिम बङ्गालका अरिन्दम धर (४५), दीपा भौमिक (३६), सुमन सरकार (३५), नुर कलाम शेख (३७), अबेद अली होसैन (५२), फारुक अज्मी (२०) तथा झापाको कमल गाउँपालिका-६ का देवेन्द्र सापकोटा (४३) रहेका छन्।

प्रहरीका अनुसार गिरोहले नोट आकारका सादा कागजका बन्डल तयार गरी माथि-तल सक्कली नोट राखेर भिडियो बनाउने र व्यापारीहरूलाई पठाउने गर्थ्यो। मेचीनगर नगरपालिका-४ मा लुकाइराखेको अवस्थामा २१ वटा टिनका बाक्सा र २३७ बन्डल नोट आकारका सादा कागज बरामद गरिएको छ। ती बन्डललाई करिब १२ करोड रुपैयाँ बराबरको रकमजस्तो देखिने गरी तयार गरिएको प्रहरीको भनाइ छ।

अभियुक्तहरूले ठूलो रकम कानुनी अड्चनका कारण जफत भएको र जरिवाना बुझाउन पैसा आवश्यक परेको भन्दै नक्कली भिडियो तथा सरकारी पत्र देखाएर व्यापारीहरूलाई ठग्ने योजना बनाएको खुलेको छ। कागजातलाई विश्वासिलो बनाउन नोटरीबाट प्रमाणित गराउने उद्देश्यले काँकडभिट्टा नाका हुँदै चन्द्रगढी आएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ।

प्रहरीले 'प्रेस' लेखिएको डब्लुबी ०६ यु ३००६ (बालेनो) र डब्लुबी ०६ एक्स ०३०० ( फर्च्युनर) गाडीसहित विभिन्न नक्कली कागजात बरामद गरेको छ। नेपाल सरकारको निशाना छाप प्रयोग गरिएका कागज, कर चुक्ता प्रमाणपत्र, भन्सारसम्बन्धी कागजात, नक्कली प्रहरी परिचयपत्र, स्ट्याम्प प्याड तथा मोबाइल फोनहरू पनि फेला परेका छन्।

प्रहरीले यस समूहबाट ठगीमा परेका व्यक्तिहरूलाई सम्पर्कमा आउन अनुरोध गरेको छ। पक्राउ परेकामाथि मुलुकी अपराध संहिता, २०७४ अन्तर्गत लिखतसम्बन्धी कसुरमा अनुसन्धान तथा कारबाही प्रक्रिया अघि बढाइएको प्रहरी प्रवक्ताले जानकारी दिएका छन्।

# एमालेकी पूर्वसांसद यादव रास्वपा प्रवेश



दैनिकसमाचारदाता

विराटनगर, १४ फागुन । नेकपा एमालेकी पूर्वप्रदेश सांसद वसन्तीदेवी यादव राष्टिूय स्वतन्त्र पार्टी प्रवेश गरेकी छन् । बिहीबार नेकपा एमालेबाट २०७४ सालको प्रदेशसभा निर्वाचनमा कोशी प्रदेशको सांसद बनेकी यादव रास्वपा प्रवेश गरेकी हुन् । उनलाई रास्वपा मोरङ(५ की प्रतिनिधिसभा सदस्य उम्मेदवार आशा झाले पार्टी सदस्यता प्रदान गरिन् । सोही कार्यक्रममा जनमत पार्टीका केन्द्रीय सदस्य बुलबुल यादवलगायत रास्वपामा प्रवेश गरेका रास्वपा नेता वीरेन्द्र साहले जानकारी दिए ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४